# प्रमुख राजनीतिक दलका नेताहरुलाई ट्रेड युनियनहरुको खुल पत्र

आदरणीय नेताज्यूहरु,

यो वर्षको दशैं सकिनै लाग्दा असहमतिको उराठलाग्दो समाचार सुनिरहेका नेपालीहरुमा एउटा आसा सञ्चार भएको थियो । नेपाली काँग्रेसको चियापानमा प्रमुख राजनीतिक नेताहरु संलग्न हुनुभयो र छिटो भन्दा छिटो सहमतिबाट विद्यमान गतिरोध अन्त्य हुने सन्देश प्रवाह गर्नुभयो । त्यसको भोलिपल्ट नेकपा (एमाले)ले आयोजना गरेको चियापानमा एकीकृत नेकपा माओवादीका अध्यक्ष कमरेड प्रचण्डको अभिव्यक्ति- ‘काँग्रेसको चियापानबाट शुरु भएको गतिरोध अन्त्य गर्ने अभियान एमाओवादीको तिहारमा हुने चियापान अगावै टुङ्गोमा पुग्ने र राष्ट्रले निकास पाउने’ ले आम नेपाली जनतालाई झैं हामी श्रमजीवी वर्गका प्रतिनिधिहरुलाई पनि निकै उत्साहित तुल्याएको थियो ।

खुकुलै सही, साझा राष्ट्रिय सङ्कल्प कायम होस्, परिवर्तित नेपालको लक्ष तोकियोस् । अनिश्चयको शिकार राजनीतिक सङ्क्रमणको यो गोलचक्कर टुङ्गियोस् । हाम्रो यो अपेक्षा तथा जनतामा बढीरहेको निरासा र पीडाका वावजुद अझै किन सहमति भएन?

केही वर्ष अघि, मध्यपूर्वमा होस् वा अफगानिस्तान, या अफ्रिकी मुलुकहरु- युद्धरत तत्कालीन समूहवीच भएको बेमेलको समाचार सुन्दा हिमालयको काखामा संघर्षरत हामी नेपालीहरु उदेक मान्थ्यौं । टिप्पणी गर्थ्यौं- कस्ता रहेछन्, किन नमिलेका, हामी भएका भए ?! अहिले, ६ वर्ष अघिको हाम्रो परिवर्तनलाई हेरेर वाहवाही गर्ने विश्व जनमत कतै हामीलाई पनि ‘कस्ता रहेछन्, सुन्दर राष्ट्र डुवाए’ त भन्दै छैनन् ?!

समय बितिरहेको छ । हामीहरुसँगै यहाँहरु पनि प्रत्येक एक दिन बित्दा, एक दिन आफ्नो अमूल्य आयु अनाहकमै छोट्याइरहनु भएको छ । यस्तो किन ? के हामी केही गर्नै सक्दैनौं ? के हामी सँगसँगै अघि बढ्नै नसक्ने भयौं ?

शीर्ष नेतागण,

संवैधानिक आयोगहरु पदाधिकारीविहीन बनिरहेका छन् । सर्वोच्च अदालत न्यायाधीशविहीन बन्दैछ । जनप्रतिनिधिमूलक निकाय छैन । आर्थिक गतिविधिहरु ‘हल न चल’को अवस्थामा पुग्दैछ । नियमित रुपमा राष्ट्रिय बजेट आउन छोडेको छ, अझ अहिले त एक तृतीयांश बजेट सकिदै र अर्को बजेट कस्तो र कसरी आउने भन्नेमा तीव्र विवाद रहेको अवस्था छ । हामीलाई चिन्ता छ- कतै हामीहरु पनि ‘असफल राष्ट बन्ने यात्रा’ तर्फ त हेलिइरहेका छैनौं? यहाँहरु हाम्रो आफ्नै नेता हुनुहुन्छ, सायद हामी भन्दा धेरै पर देखेको र पर-परसम्म देख्ने ! हाम्रो यो चिन्तालाई यहाँहरुले कसरी सम्बोधन गर्नुहुन्छ ? श्रमको संसारमा क्रियाशील हाम्रा, अनि तपाईहरुका पनि, लाखौं सदस्यहरुलाई हामी के भनेर जवाफ दिउँ ?

हाम्रो साझा चासो भनेको गतिहीनताको समाप्ति हो र निकासको लागि सहमति होस् भन्ने हो । हाम्रो राजनीतिक नेतृत्वले राजनीतिक सङ्क्रमण लम्बिएको कारण देशमा आर्थिक तथा पूर्वाधार विकासले गति लिन सकेन भन्ने कुरा हामीले भन्दा बढी बुझेको हुनुपर्छ भन्ने हाम्रो विश्वास छ । भएका उद्योगहरु पनि एक पछि अर्को गरी बन्द हुने अवस्थामा पुगेको छ । दण्डहीनताका कारण अपराध- आर्थिक, सामाजिक र राजनीतिक रुपमै संस्थागत भइरहेको छ । आकासिंदो मूल्यवृद्धिका कारण श्रमजीवीहरुको जीवन पहिले भन्दा झन् कष्टकर भएको छ । दैनिक हजारौंको सङ्ख्यामा ऊर्जावान नेपाली युवाहरुले खाडी मुलुकको मरुभूमिलाई आफ्नो गन्तव्य बनाउन बाध्य हुनको कारण देशभित्रै रोजगारीको अवसर सृजना हुन नसक्नु हो भन्ने हाम्रो नेतृत्वले बुझेको छैन भनेर हामी कसरी भनौं ?

‘श्रमको संसारमा सबै प्रकारका अवरोध न्यून वा शून्य होस्’- यो आदर्शमा हामी पनि प्रतिबद्ध छौं । बेरोक टोक व्यवसाय चलोस्, ‘रोजगारी-सेवा- र उत्पादन’ अभिवृद्धि होस्, हामी पनि यही चाहन्छौं । यी उद्देश्यलाई भरथेग गर्न हामीले आफ्नो तर्फबाट मिहेनत गऱ्यौं- ‘स्थायी रोजगारी’ आधारित सामाजिक सुरक्षा प्रणालीको सट्टा ‘योगदान आधारित’ सामाजिक सुरक्षा प्रणालीमा यसै कारणले हामीले सहमति जनाएका थियौं । ऐन कानुन नै नबन्दै, राज्य र रोजगारदाताको योगदानको टुङ्गो नलाग्दै सरकारले बजेट वक्तव्य मार्फत श्रमिकको पारिश्रमिकमाथि लगाएको एक प्रतिशत कर चुपचाप स्वीकार्न कुन देशको ट्रेड युनियन सहमत हुन्छ ? तर हामीले सहमति जनायौं, कुन पार्टी सरकारमा छ- कुन सडकमा भन्ने खोंचे थापेनौं । के यो नेपाली युनियनहरुको तर्फबाट भएको रचनात्मक योगदान हैन र ? हडताललाई ‘न्यून वा शून्य’ गर्न सामूहिक विवादलाई मजदुर आयोग मार्फत समाधान गर्ने प्रस्ताव हामीले नै गऱ्यौं । कानुनको प्रभावकारी  कार्यान्वयनको लागि श्रम निरिक्षण प्रणाली मार्फत श्रम विवाद उत्पन्नै हुन नदिने प्रक्रिया लागू गर्न केही वर्ष अगाडि देखि सुरु भएको श्रम बजार सुधारका प्रक्रियालाई पूर्णता दिन रोजगारदाताहरुको संगठनसँग  सहमति समेत जनायौं ।

तर श्रमको संसारको यी ‘मुद्दा’हरुलाई सम्बोधन गर्न हामीलाई चाँडो भन्दा चाँडो व्यवस्थापिका-संसदको भूमिका निर्वाह गर्ने संयन्त्र चाहिएको छ । विद्यमान राजनीतिक असहमति यहाँ तगारो बनेको छ । त्यसैले ट्रेड युनियनहरुलाई राजनीतिक गतिरोधको अन्त्य तत्काल आवश्यक भएको छ ।

“आन्दोलनमा अनिकाल हुँदा, सबै थोक छोडेर मैदानमा आऊ भन्ने, तर सहकालमा चुपचाप हामीले भनेको मात्र मान भन्ने” प्रकृतिको व्यवहारबाट श्रमको संसार दुःखित छ । हामी दलहरुबाट ‘रोजगादाता’ र ट्रेड युनियन बीच सन्तुलित मान्यता र व्यवहार अपेक्षा गर्दछौं । त्यसैले, संविधानसभा जीवित रहँदा शीर्ष नेताहरुले ‘हुन्छ’ भन्नु भए अनुरुप सबै निर्वाचित निकायमा १० प्रतिशत श्रमिकको वर्गीय प्रतिनिधित्वको विषयलाई फेरि एकपटक स्मरण गराउन चाहन्छौं । नेपाली श्रमजीवी वर्गको एजेण्डाका रुपमा मूलतः तीन समूहमा प्रस्तुत- अधिकार तथा संरक्षण, प्रतिनिधित्व र आयोग सम्बन्धी सुझाबहरु लिपिबद्ध भएमा  मात्रै भावी संविधान श्रम-मैत्री हुने हाम्रो साझा मत पनि स्पष्ट पार्न चाहन्छौं ।

तर उल्लिखित विषयको सम्बोधनको लागि फेरि पनि वर्तमान राजनीतिक गतिरोधको अन्त्य हुनैपर्छ । त्यसका लागि निम्नानुसार जस्ता विवादित विषयहरुको सम्बोधन हुनुपर्छ ।

१. शासकीय स्वरुप, निर्वाचन प्रणाली, न्यायपालिका, व्यवस्थापिका-संसदको आकार र तह, स्थनीय-प्रादेशिक-केन्द्रीय सत्ताको विधिमा दलहरु बीच सहमति भएको हो भन्ने हामीले सुनेका थियौं । सही हो? हो भने, यी विषयहरु नउल्टने गरी पोको पार्ने तहमा यहाँहरु हुनुहुन्छ ? यदि सहमति हुनै बाँकी हो भने कुन-कुन बुँदामा असहमति हो र त्यसको सम्बन्ध अर्को कुन विषयसँग जोडिएको छ ? त्यसलाई सम्बोधन गर्न तपाईंहरुसंग के प्रस्ताव छ ?

२. ‘संघीयता’ आम नेपालीको साझा सङ्कल्प हो । ‘लोकतान्त्रिक शासन व्यवस्था, सामर्थ्य र पहिचान सहितको संघीयता र संघीय संरचना ग्यारेन्टी भएको संविधान’ यहाँ उपस्थित चार वटै शक्तिको साझा सहमति हो भन्ने हाम्रो बुझाइ छ । विवाद रहेको ‘एकल जातीय, बहुजातीय, द्विराष्ट्रिय, बहुराष्ट्रिय, साझा, तटस्थ’ कस्तो पहिचान आधारित नाम ? प्रदेशको सङ्ख्या कति र सीमा कसरी कोर्ने भन्नेमा न हो ? यदि विवादको विषय यत्तिमात्रै हो भने के हामीहरु जनमत संग्रह वा प्राविधिक आयोग वा भावी प्रादेशिक सभाको माध्यमबाट विद्यमान गतिरोध अन्त्य गर्न सक्छौं ? ‘न दायाँ-न बायाँ’को अनिर्णयलाई अन्त्य गर्न यो बाहेक

यहाँहरुसँग साझा प्रस्ताव के छ त ? चार शक्तिले अन्य राजनीतिक दलहरुलाई समेत मान्य हुने गरी आ-आफ्नो दलीय अडानमा कहाँ कहाँ 'संझौता' गर्न सक्नुहुन्छ ?

३. अहिले विवादको मूल पक्ष भनेको संविधानसभाको अस्वाभाविक अवसान पछि गतिरोध अन्त्य गर्ने प्रक्रिया के हुने भन्ने हो । यस सन्दर्भमा राजनीतिक शक्तिका आ-आफ्ना अडान र मान्यताहरु छन् । र, कतिपय विषयमा एक-आपसमा मिल्दा साझा मतहरु पनि छन् । अहिले प्रचारित मतहरुलाई एकै ठाँउमा राख्ने हो भने तिनीहरु यस्ता छन्-

- ताजा जनादेशमा जाने । नयाँ संरचनाले नयाँ संविधान बनाउने,
- छोटो अवधिको लागि संविधानसभा पुनर्स्थापना गर्ने, सहमतिका विषयलाई घोषणा गरी बाँकीलाई भावी कदमका रुपमा थाती राख्ने,
- गोलमेच सम्मेलन आयोजना गर्ने र त्यसबाट साझा सहमतिको निकास निकाल्ने,
- सरकारले राजीनामा गरेपछि मात्र माथिका कुनै पनि विकल्पमा छलफल गर्ने, वा प्याकेजमा सहमति भएपछि मात्र सरकार फेर्ने,
- संविधानका अन्तरवस्तुमा सहमति गरी संविधान जारी गर्ने र वर्तमान सरकार परिवर्तन गरी सहमतिको सरकार बनाई अघि बढ्ने; वा संविधानका अन्तरवस्तुमा सहमति नभए अहिले कै सरकारलाई राष्ट्रिय स्वरुप दिई ताजा जनादेशमा जाने,
- 'तटस्थ'को नेतृत्वमा नयाँ सरकार बनाई ताजा जनादेशमा जाने आदि ।

यी प्रस्तावहरुभित्र पनि थुप्रै प्रश्नहरु अन्तरनिहित छन् । जस्तो कि-

- निर्वाचनमा जाने हो भने के को निर्वाचनमा जाने ? यदि नयाँ संविधानसभाको निर्वाचन गर्ने हो भने त्यसको आकार कत्रो हुने ? प्रत्यक्ष निर्वाचित र समानुपातिकको सङ्ख्या कति हुने ? जात/जाति, लैङ्गिक र भौगोलिक क्षेत्रको समावेशीकरण गर्दा वर्गीय प्रतिनिधित्व किन नगराउने? र त्यो कसरी गराउने ? मतदाता सम्बन्धी संवैधानिक जटिलता कसरी फुकाउने ? निर्वाचन आयोगको प्रमुख आयुक्त र आयुक्तहरुको नियुक्ति कसरी गर्ने ? राष्ट्रिय सहमतिको सरकार कुन विधिबाट बनाउने ?
- पुरानो संविधानसभा पुनर्स्थापना गर्ने हो भने कुन विधिबाट गर्ने ? त्यसको वैधानिकता कसरी सुनिश्चित गर्ने ?
- गोलमेच सम्मेलनको विकल्पमा- त्यसका सहभागी दल र पक्षको छनौटको आधार के हुने? त्यसको वैधानिकताको पुष्टि कसरी गर्ने ?
- तटस्थले विद्यमान चुनौतीलाई थेग्न सक्ने आधार, विधि, वैधानिकता कसरी तय गर्ने ?

स्पष्ट छ, दलहरुले जुनसुकै विकल्प रोजे पनि चुनौतीका पहाडहरु अगाडि छन् । जसले सङ्कटबाट देशलाई पार लगाउन सक्दछ, त्यसैले नै इतिहास रच्छ । राजनीतिक नेतृत्वको परीक्षा पनि सङ्कटमा नै हुने हो । राष्ट्रले अहिले यस्तै नेतृत्वको अपेक्षा गरेको छ । यी चुनौतीलाई पार लगाउन हाम्रो राजनीतिक नेतृत्वसँग के प्याकेज छ ?

(२०६९ कात्तिक २७ गते जेटियुसीसीद्वारा आयोजित कार्यक्रममा प्रस्तुत की-नोटको संक्षेपीकरण: कान्तिपुर दैनिक/कात्तिक २८, २०६९ मा प्रकाशित )